मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

‘सुशासनका लागि सूचनाको हक अपरिहार्य’


समाचार पृष्ठ ३ मा

वर्ष २ | अंक २५५ | २०८१ साल श्रावण १९ गते शनिबार | Saturday 03, August 2024 | सूर्योदय: बिहान ५:३१ बजे | सूर्यास्त: साँझ ६:५२ बजे | पृष्ठ ४ | मूल्य रु. ५/-

## स्थानीय प्रशासन र पीडित परिवारबीच सहमति

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मिटरब्याजी पीडित भनिएका भोगेन्द्र ठाकुरको परिवार र धनुषा प्रशासनबीच आठ बुँदे सहमति भएपछि मिटर ब्याज पीडितहरुको आन्दोलन स्थागित भएको छ । जिल्ला प्रशासन कार्यालय धनुषामा बसेको पीडित परिवार र स्थानीय प्रशासनबीचको बैठकमा भएको सहमतिपछि पीडित परिवारले शव बुझेर दाहसंस्कार गरेका हुन् भने आन्दोलनको कार्यक्रम पनि फिर्ता लिएका हुन् । सहमतिअनुसार, धनुषाधाम नगरपालिका वडा नम्बर २ मंगलपुरमा भएको घटनामा सोही ठाउँका योगेन्द्र ठाकुर र उनकी पत्नी श्यामु ठाकुरलाई धारिलो हतियार प्रयोग गरी कुटपिट गर्दा योगेन्द्रको मृत्यु भएको थियो । श्यामु ठाकुर घाइते भएकामा प्राप्त जाहेरीबमोजिम मिटर ब्याजी शिवजी यादवलगायतका व्यक्तिलाई तत्कालै पक्राउ गरी अनुसन्धानको दायरामा ल्याउन जिल्ला प्रहरी कार्यालयलाई अनुरोध गर्ने र घाइते श्यामु कुमारी ठाकुरको निःशुल्क उपचारको व्यवस्था मिलाउने सहमति भएको छ । यस्तै, मृतक ठाकुरलाई मिटर ब्याज संघर्ष समितिको मागअनुसार शहिद घोषणा गर्न गृहमन्त्रालयमा अनुरोध गरिने भएको छ । ठाकुरलाई किरिया खर्च, क्षतिपूर्ति र नाबालक २ छोरीको पालनपोषण एवम् विश्वविद्यालयसम्मको शिक्षादीक्षाका लागि निःशुल्क व्यवस्था गराउन गृहमन्त्रालयमा अनुरोध गर्ने सहमतिमा उल्लेख भएको छ ।

त्यसैगरी, मृतककी पत्नी श्यामुलाई योग्यता, क्षमताअनुसार रोजगारीको व्यवस्था मिलाउन धनुषाधाम नगरपालिकालाई अनुरोध गर्ने, मृतकको मिटर ब्याजसम्बन्धी मुद्दामा कानुन बमोजिम छिटोछरितो समाधान गरिदिन गृहमन्त्रालयलाई अनुरोध गर्ने, मृतकको शवलाई सामाजिक परम्पराअनुसार सद्गद् गर्ने, मृतकको परिवारलाई भरपर्दो शान्तिसुरक्षा र जग्गा भोगचलन गर्ने शान्ति सुरक्षाको व्यवस्था जिल्ला प्रहरी कार्यालयमा मिलाउने तथा मृतकका विषयमा भएका आन्दोलनका कार्यक्रम स्थगित गर्ने निर्णय भएको हो । सहमति भएसँगै उनीहरुले पीडितहरुले जारी राखेको आन्दोलनको कार्यक्रम स्थगित गरेका छन् । सहमति पत्रमा प्रमुख जिल्ला अधिकारी रामु राज कडरिया, सशस्त्र प्रहरी उपरीक्षक दर्शन गिरि, प्रहरी नायब उपरीक्षक रञ्जन अवासहितले हस्ताक्षर गरेका छन् ।

भोगेन्द्रको पत्नी श्यामुदेवीका अनुसार उनी नुहाइरहेको समयमा मोबाइलमा भिडियो खिच्न खोज्दा विवाद शुरुवात भएको र लेनदेनको विषयलाई लिएर आफूहरुमाथि कुटपीट गरिएको र श्रीमानको हत्या गरिएको हो । मृतक ठाकुरले शिवजीबाट ३ लाख ५० हजार रुपैयाँ ऋण लिएका थिए । श्रीमती श्यामुले जग्गा बेचेर पैसा बुझाए पनि हिसाब दिन नमान्दा शिवजी यादवसँग पटकपटक विवाद हुँदै आइरहेको थियो ।

शिवजीले पटकपटक ज्यान मार्नेसम्मको धम्की दिएपछि केही दिनअघि ठाकुरले जिल्ला प्रहरी कर्यालय धनुषामा शिवजीमाथि मिटरब्याजसम्बन्धी उजुरी दिएका थिए । त्यसकै निहुँमा शिवजीकै योजनामा हत्या भएको हुनसक्ने आशंका गरिएको छ । हत्या आरोपमा स्थानीय ४५ वर्षीया सुरजी मुखिया र उनका छोरा २१ वर्षीया नागेश्वर मुखियालाई प्रहरीले पक्राउ गरेको छ । उनको हत्या स्थानीय मिटरब्याजी शिवजी यादवको योजनामा भएको दाबी गर्दै उनीसहित घटनामा संलग्न अन्यलाई पनि पक्राउ गरेर कारबाही गर्नुपर्ने मिटरब्याज पीडितको माग थियो । उनीहरुले बिहीबार शवसहित जनकपुर नगरमा विरोध प्रर्दशन गरेका थिए ।

## पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा ल्याउन निर्देशन

*प्रधानमन्त्री केपी शर्मा ओलीले दुवै विमानस्थल प्रभावकारी सञ्चालनका लागि अध्यागमनलगायत अन्य सुविधा लैजाने, इन्धन भण्डार विमानस्थल नजिक भए अन्यत्र सार्नेलगायतमा मन्त्रिपरिषद्बाट निर्णय गर्नुपर्ने अवस्था भए आगामी बिहीबारै निर्णय गरिने गरी योजना पेश गर्न निर्देशन दिएका छन् । हवाई इन्धनको मूल्य बढेको भए घटाउन, ग्राउण्ड ह्याण्डलिङ सेवा नियमअनुसार जुन निकायले पाउनुपर्ने हो सोहीअनुरुप हुनुपने, यात्रु सेवा शुल्कमा कर लागेको घए घटाउने, पर्यटन कर नराख्नेलगायत विषयमा सम्बन्धित मन्त्रालय र निकायबाट गर्नुपर्ने भए गरिदिने बताएका छन् ।*

**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्न सकिनेबारे उच्चस्तरीय छलफल गरेका छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बेलाबखत देखिइने समस्या समाधानको विकल्पमा सिधै पोखरा र भैरहवामा उडान भर्न सकिने–नसकिने विषयमा प्रधानमन्त्री ओलीले चासो राखेका हुन् ।

शुक्रबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा भएको छलफलमा प्रधानमन्त्रीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको हालको उडान चाप तथा यात्रु व्यवस्थापनलाई ध्यान दिई दुवै अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालनका विकल्प र उपायबारे छलफल गरे । छलफलमा प्रधानमन्त्री ओलीले दुई विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालनको वातावरण निर्माण गर्न निर्देशन दिए । उनले दुई विमानस्थलमा अन्तर्राष्ट्रिय उडानका लागि चासो देखाएका अन्तर्राष्ट्रिय एयरलाइन्सको उडानसम्बन्धी विषयलाई नियामक निकायले चाँडो टुङ्ग्याएको खण्डमा सरकारले तालिकामा राखेर अगाडि बढाउने विश्वास व्यक्त गरे ।

प्रधानमन्त्री ओलीले निर्माण भएको लामो समयसम्म दुई अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन नभएर घाटा बेहोर्नु परेको तथा काठमाडौँ विमानस्थलको क्षमताभन्दा बढी उडान र यात्रु व्यवस्थापन गर्नुपर्ने बाध्यता रहेकाले यसलाई गम्भीर रुपमा लिन आग्रह गरे । छलफलमा उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेल, परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा, श्रम तथा रोजगारमन्त्री शरतसिंह भण्डारी, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे, मुख्यसचिव, प्रधानमन्त्रीका मुख्य सल्लाहकारलगायत नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीको उपस्थिति थियो ।

छलफलमा प्राधिकरणका पदाधिकारी बाट विमानस्थल सञ्चालनमा भइरहेका समस्या, भइरहेको कामलगायत विभिन्न पक्षमा भइरहेको तयारीबारे ब्रिफिङ गरिएको थियो । प्रधानमन्त्री ओलीले दुवै विमानस्थल प्रभावकारी सञ्चालनका लागि अध्यागमनलगायत अन्य सुविधा लैजाने, इन्धन भण्डार विमानस्थल नजिक भए अन्यत्र सार्नेलगायतमा मन्त्रिपरिषद्बाट निर्णय गर्नुपर्ने अवस्था भए योजना पेश गर्न निर्देशन दिए । उनले हवाई इन्धनको मूल्य बढेको भए घटाउन, ग्राउण्ड ह्याण्डलिङ सेवा नियमअनुसार जुन निकायले पाउनुपर्ने हो सोहीअनुरुप हुनुपर्ने बताए । यात्रु सेवा शुल्कमा कर लागेको घए घटाउने, पर्यटन कर नराख्नेलगायत विषयमा सम्बन्धित मन्त्रालय र निकायबाट गर्नुपर्ने भए गर्दै गर्ने, मन्त्रिपरिषद्बाट निर्णय गर्नुपर्ने भए मन्त्रिपरिषद्को आगामी बिहीबार बस्ने बैठकमा योजना ल्याउन आग्रह गरे । यस प्रयोजनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव राजकुमार श्रेष्ठको संयोजकत्वमा सम्बन्धित सबै मन्त्रालयका सहसचिव रहने गरी गृहकार्य गर्ने जिम्मेवारी दिइएको छ ।

## तीन राज्यमन्त्रीलाई शपथ



प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष नवनियुक्त तीन राज्यमन्त्रीले पद तथा गोपनीयताको शपथ लिएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा शुक्रबार आयोजित समारोहमा प्रधानमन्त्री ओलीसमक्ष तीन राज्यमन्त्रीले शपथ लिएका हुन् । शपथ लिनेमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री अरुणकुमार चौधरी, वन तथा वातावरण राज्यमन्त्री रुपा विक र ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङ छन् । शपथ ग्रहण कार्यक्रममा उपप्रधानमन्त्रीहरु, मन्त्रीगण, मुख्यसचिव, उच्चपदस्थ अधिकारीलगायत सहभागी थिए । योसँगै मन्त्रिपरिषद्ले पूर्णता पाएको छ । प्रधानमन्त्री ओली नेतृत्वमा रहेको मौजुदा मन्त्रिपरिषद्मा तीन राज्यमन्त्री थपिएसँगै मन्त्रिपरिषद्को संख्या २५ पुगेको छ ।

## भारतद्वारा ६५० क्युसेक पानी वितरण



**मधेशदृष्टि**
**बारा ।**
नेपाल र भारत सरकारबीच भएको ‘गण्डक सम्झौता’मा भारतले नेपाललाई ८ सय ५० क्युसेक पानी दिनुपर्ने व्यवस्था छ । यो वर्ष वर्षात्का समयमा पानीको हाहाकार भएन, यद्यपि नेपालले भारतीय पक्षबाट ६ सय ५० क्युसेक मात्र पानी पाएको छ । पर्याप्त वर्षापछि यो वर्ष असार १३ गते नै भारतले नहरमा पानी छोड्दा साउन दोस्रो सातासम्ममा बारा, पर्सा र रौतहटका अधिकांश भूभागमा रोपाइँ भइसकेको छ । नेपालको नारायणी र त्रिवेणी नदीको पानीलाई ब्यारेज निर्माण गरेर नहर प्रणालीमार्फत नेपाल र भारतबीच पानी बाँडफाँट भइरहेको छ ।

भारतले बिहार राज्यको वाल्मिकी नगरमा २ हजार ५ सय क्युसेक क्षमताको ब्यारेज निर्माण गरेको छ । नेपाल–भारतीबच १९५९ डिसेम्बर ४ मा गण्डक सम्झौता भएको हो । भारतले असार १५ गतेदेखि असोज १५ गतेसम्म नेपाललाई ८ सय ५० क्युसेक पानी दिनुपर्ने शर्त छ । नहरको पानी ३ दिन पर्सा, ३ दिन बारामा बाँडफाँड हुने गरेको छ । बारातर्फ छोडिएको पानीबाटै रौतहटको केही भूभागमा सिँचाइ सुविधा पुग्ने गरेको छ । पर्सादेखि रौतहटसम्म नहर ८२ किलोमिटर दूरीको छ । नहरको पानीले बारा, पर्सा र रौतहटमा ३७ हजार ४ सय हेक्टर कृषियोग्य भूभागमा सिँचाइ सुविधा पुग्नेछ । रौतहटको ७ हजार ५ सय हेक्टरमध्ये केही भागमा सिँचाइ पुग्न बाँकी छ ।

## तेली समुदायलाई भारतमा सम्मान, नेता जोलीसँग भेट



**मधेशदृष्टि**
**भारत ।**
नेपालका तेली समुदायका राजनीतिक व्यक्तित्व तथा सामाजिक व्यक्तित्वहरुले भारतीय जनता पार्टी (भाजपा)का शीर्ष नेताहरुसँग भेटघाट गरेका छन् । तेली समुदायका व्यक्तित्वहरुलाई भारतमा सम्मान पनि भएको छ ।

शुक्रबार बिहान भाजपाका वरिष्ठ नेता डा. विजय जोलीसँग भारतको राजधानी नयाँदिल्लीस्थित जोलीको कार्यकक्षमा नेपाली प्रतिनिधि मण्डलले भेट गरेको हो । भेटमा पूर्वमन्त्री अनिता देवी, सांसद किरण साह, उद्योगपति ओमप्रकाश साह, समाजसेवी असर्फी साह, प्रभु साह, सञ्जय साह, रामस्नेही साह, तेली कल्याण समाज पर्साका अध्यक्ष ध्रुव साहलगायतका तेली समुदायका नेतृत्वगण सहभागी थिए । शिष्टाचार भेटमा नेपाल र भारतको आपसी सम्बन्ध, राजनीति, धार्मिक, सांस्कृतिक, सम्बन्धसँगै भाइचारा सम्बन्धबारे छलफल भएको थियो ।



यस्तै, अखिल भारतीय तैलिक साहू महासभाले बिहीबार नेपालका तेली समुदायका प्रतिनिधि मण्डललाई सम्मान गरेको छ । भारतका केन्द्रीय शहरी राज्यमन्त्री टोखन साह, छत्तिसगढका उपमुख्यमन्त्रीलगायतले नेपालका तर्फबाट सहभागी तेली समुदायका व्यक्तित्वहरु पूर्वमन्त्री अनिता देवी, मधेश प्रदेशका वनमन्त्री त्रिभुवन साह, प्रदेश सांसद किरणकुमारी साह, उद्योगपति ओमप्रकाश साह, असर्फी साह, प्रभु साह, सञ्जय साह, तेली कल्याण समाज पर्साका अध्यक्ष ध्रुव साहलगायतलाई सम्मान गरेको हो । नयाँदिल्लीस्थित कन्स्टिट्युसन क्लब अफ रफिरोडमा भएको कार्यक्रम अखिल भारतीय तैलिक साहू महासभाका राष्ट्रिय अध्यक्ष जय दत्त क्षीरसागरको अध्यक्षतामा भएको हो ।

## तातेड जेल चलान



**मधेशदृष्टि**
**राजविराज ।**
सहकारी ठगी तथा आपराधिक विश्वासघात र आर्थिक अपचलन गरेको आरोपमा पक्राउ परेका सिद्धार्थ तातेड पुर्पक्षका लागि जेल चलान भएका छन् । राजविराजस्थित कान्तिपुर बहुउद्देश्यीय सहकारी संस्थाका सचिव रहँदा राजविराज नगरपालिका वडा नम्बर ३ का वडा सदस्यसमेत रहेका तातेडसहितका सञ्चालक समितिले ठगी र आर्थिक अपचलन गरेको भन्दै जाहेरी परेपछि उनलाई साउन ३ गते बिहीबार पक्राउ गरिएको थियो । बिहीबार सप्तरी जिल्ला अदालतका न्यायाधिश संजीव पोखरेलको एकल इजलासले तातेडलाई पूर्पक्षमा पठाएको हो । राजविराज जेसीजका पूर्वअध्यक्षसमेत रहेका तातेडसहितका सञ्चालक समितिले सहकारीमा बचतकर्ताको रकम फिर्ता नगरेपछि ४६ बचतकर्ताहरूले संयुक्त जाहेरी दिएका थिए । जाहेरीअनुसार तातेडसहितका सञ्चालक समितिले बचतकर्ताको ३ करोड २ लाख ९४ हजार ४ सय ३६ रुपैयाँ फिर्ता गरेको छैन भने तातेडसहितकाले सहकारी संस्थाको पनि करिब एक करोड रुपैयाँ अपचलन गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी ढुण्डिराज नेउपानेले जानकारी दिए । उनका अनुसार सात सदस्यीय सञ्चालक समितिमध्ये अध्यक्ष बेचन यादवसहित अन्य पाँच जना सञ्चालक सदस्य अझै फरार छन् ।

## कामतको निधनमा आधा झण्डा झुकाइने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
शास्त्रीय सङ्गीतका महान् साधक एवम् लोकप्रिय गायक श्रद्धेय गुरुदेव कामतको निधनप्रति मधेश प्रदेश सरकारले आइतबार मधेश प्रदेशमा नेपालको झण्डा आधा झुकाउने निर्णय गरेको छ ।

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले जारी गरेको विज्ञप्तिमा मनोरञ्जन र जीविकोपार्जनको माध्यम नभएर शिक्षा, चेतना र संस्कार उन्नयनका लागि सङ्गीतविधालाई आजीवन अघि बढाएका स्वर्गीय गुरुदेव कामतको निधनप्रति शोक प्रकट गर्न प्रदेश सरकारले आइतबार राष्ट्रिय झन्डालाई आधा झुकाउने निर्णय समेत गरेको जानकारी दिए ।

उनले विज्ञप्तिमा भनेका छन्, ‘एउटा आदर्श सङ्गीत अनुयायी, आदर्श गुरु र साङ्गीतिक फाँटमा मानवीय मूल्यको निरूपण गर्ने संवेदनशील स्रस्टा साधकका रूपमा दिवंगत गुरुदेवजी नेपाली साङ्गीतिक आकासमा सधैँभरि एउटा चम्किलो नक्षत्र भएर हामीलाई प्रेरित एवम् प्रोत्साहित गरिरहनु हुनेछ । शास्त्रीय एवम् सुगम दुवै सङ्गीतसम्बद्ध जीवनमा नयाँ चेतना प्रदान गर्ने गुरुदेवजीले सङ्गीत शिक्षालाई नेपालमा नयाँ दिशा तथा आयाम दिनुभयो । उहाँको अतुल्य तथा विलक्षण प्रतिभाबाट धेरै सँख्यामा सङ्गीताभ्यासीहरू सुरसाधनाका गहनतम् पक्षलाई सरलतम ढङ्गले बुझ्न सक्षम भएका छन् । उहाँकै प्रेरणा र सामीप्यबाट सङ्गीत विधामा संलग्न हुन नयाँ पुस्ताका प्रतिनिधिहरू उत्सुक र उत्कंठित भएको अवस्था थियो ।’

जीवनको कठोरतम क्षणसँग लड्दै भिडदै शास्त्रीय तथा सुगम सङ्गीत परम्परालाई थप सिर्जनात्मक र उत्कर्षोन्मुख बनाउन उनले पुर्याएको योगदान सदैव स्मरणीय रहनेछ मुख्यमन्त्री सिंहद्वारा विज्ञप्तिमा उल्लेख छ ।

*मेरो उन्नतिको रहस्य हो, कहिल्यै हिम्मत नहार्नु । जब म सानो थिएँ तब मेरा शिक्षकले मलाई गाली गर्दै भन्थे, 'तिमीले सात जुनीमा पनि गणित सिक्न सक्नेछैनौ ।' म विद्यालयमा कमजोर थिएँ । मेरासामु अनेक बाधा व्यवधान आएका थिए । तर मैले कहिल्यै हिम्मत हारिनँ र आज म यहाँसम्म आइपुगेको छु ।*
*–अल्बर्ट आइन्स्टाइन*

## सम्पादकीय

### शास्त्रीय संगीतका साधकमा भावपूर्ण श्रद्धासुमन

*शास्त्रीय सङ्गीतका साधक तथा गायक गुरुदेव कामतको निधनको शोकमा मधेश प्रदेश सरकारले राष्ट्रिय झण्डा आधा झुकाउने निर्णय गरेर स्रष्टाको सम्मान गरेको छ । यसका लागि मधेश प्रदेश सरकार आभारीको पात्र भएको छ । एउटा राष्ट्रियस्तरका स्रस्टाका लागि प्रदेश सरकारले गर्नसक्ने यो पनि महत्वपूर्ण काम हो । मधेश प्रदेश सरकारले आइतबार राष्ट्रिय झण्डा आधा झुकाएर कामतको सम्मान गर्न लागेको छ । मधेश प्रदेशका मुख्यमन्त्री शतिशकुमार सिंहले शुक्रबार शोक वक्तव्य जारी गर्दै कामतको निधनप्रति शोक तथा श्रद्धाञ्जली व्यक्त गर्न आइतबार मधेश प्रदेशका सरकारी तथा सार्वजनिक कार्यालयमा राष्ट्रिय झण्डा आधा झुकाइने जानकारीले स्रस्टाहरुको स्वाभिमानमा थोरै भए पनि प्रदेश सरकार समवेदित र जिम्मेवार देखिएको छ । मधेश प्रदेशको सिरहामा जन्मिएर कामतले शिक्षा, चेतना र संस्कार उन्नयनमा सङ्गीत विधालाई आजीवन अघि बढाएका थिए । मुख्यमन्त्री सिंहले अत्यन्त प्रभावशाली ढङ्गले गीतसङ्गीतका माध्यमबाट भावनात्मक, आध्यात्मिक, सामाजिक एवम् सांस्कृतिक विषयबस्तुलाई अभिव्यक्त गर्न सम्पूर्ण जीवन व्यतीत गरेका दिवङ्गत गुरुदेवप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारप्रति समवेदना पनि व्यक्त गरेर स्रष्टाको परिवारलाई पनि प्रदेश सरकारको सम्मान र सम्झना समर्पण गर्न बाँकी राखेका छैनन् ।*

*स्वर्गीय कामतले मनोरञ्जन र जीविकोपार्जनका लागि मात्र नभई अत्यन्त कठिन र सङ्घर्षपूर्ण साङ्गीतिक आराधना र उपासनाका यात्राबाट आफूलाई राष्ट्रियस्तरको स्रष्टामा स्थापित गरेको विषयलाई मुख्यमन्त्री सिंहले मुक्तकण्ठले प्रशंसा गर्दै शास्त्रीय तथा सुगम सङ्गीत परम्परालाई थप सिर्जनात्मक बनाउन पनि कामतको योगदान भन्दै सम्मान गरेका छन् । कामतले जीवनका कठोरतम् क्षणसँग लड्दै सङ्गीत क्षेत्रमा पु¥याएको योगदान सदैव स्मरणीय रहने प्रदेश सरकारकै लिखित वक्तव्यले धेरै स्रष्टाहरुले पनि आफ्नो पनि सम्मान र स्वाभिमानमा प्रदेश सरकार समवेदित भएको महसुस गरेका छन् । शास्त्रीय एवम् सुगम दुवै सङ्गीतसम्बद्ध जीवनमा नयाँ चेतना प्रदान गर्ने गुरुदेवले सङ्गीत शिक्षालाई नेपालमा नयाँ दिशा तथा आयाम दिएका थिए । उनको अतुल्य तथा विलक्षण प्रतिभाबाट धेरै सङ्ख्यामा सङ्गीताभ्यासीहरू सुरसाधनाका गहनतम् पक्षलाई सरलतम् ढङ्गले बुझ्न सक्षम भएको मुखयमन्त्री सिंहको शोक वक्तव्यमा उल्लेख छ । कामतकै प्रेरणा र सामीप्यताबाट सङ्गीत विधामा नयाँ पुस्ताका प्रतिनिधि उत्सुक भएको अवस्था रहेको बताइएको छ । एउटा आदर्श सङ्गीत अनुयायी, गुरु र साङ्गीतिक फाँटमा मानवीय मूल्यको निरुपण गर्ने संवेदनशील स्रस्टा–साधकका रूपमा दिवङ्गत गुरुदेवजी नेपाली साङ्गीतिक आकासमा सधैँभरि चम्किलो नक्षत्र भएर सबैलाई प्रेरित एवम् प्रोत्साहित गरिरहने मुख्यमन्त्री सिंहले स्मरण गरेका छन् । कामतको सिरहास्थित लक्ष्मीपुरतारी गाउँपालिका–२ पोखरभिण्डामा बिहीबार निधन भएको थियो ।*

*तर यिनै साधकले मृत्युको मुखमा पुग्दा उपचार खर्च पाएनन् । त्यति मात्र होइन, आफैँले गाएको कार्यक्रमको पारिश्रमिकसमेत नपाएको भन्ने भिडियो भाइरल भयो । त्यो पनि मधेश प्रज्ञा प्रतिष्ठानबाटै । त्यहाँ पनि राष्ट्रियस्तरका मधेशी अनुहारको नेतृत्व थियो । मैथिली भाषाका ज्ञाता मानिने व्यक्तित्व नेतृत्वमा रहँदा मधेशकै एउटा कालजयी स्रष्टालाई बिरामी हुँदा पनि कार्यक्रम आयोजना गराएर उनलाई दिन्छु भनिएको पारश्रमिक नदिइनु पक्कै स्रष्टाहरुको सम्मान गर्ने प्रतिष्ठानकै अपमान हो । पदमा पुगेपछि जो कोही बेइमान हुन्छ भन्ने उदाहरण पनि हो । यसमा थोरै भए पनि प्रतिष्ठान हाँक्ने नेतृत्वले लज्जाबोध गर्न जरुरी छ । कामतप्रति भावपूर्ण श्रद्धासुमन ।*

# दुई वर्षमा तेस्रो गठबन्धनः चल्न गाह्रो !



नेपालको संसद्को तल्लो सदन प्रतिनिधि सभाको निर्वाचन भएको दुई वर्षमा तेस्रो पटक नेपालमा सरकार परिवर्तन भएको छ । २०७२ सालमा नयाँ संविधान आएपछि राजनीतिक स्थायित्वको अपेक्षा गरिएको थियो । लगभग हरेक दलहरू क्रम परिवर्तन गर्दै र एक आपसमा मिलेर सरकार गठन भइसकेको छ । नेपाल कम्युनिस्ट पार्टी एमाले र माओवादी पहिलो पटक, नेपाली कांग्रेस र माओवादी दोस्रो पटक, अहिले नेपाली कांग्रेस र नेकपा एमाले ।

३२ सिट मात्रै पाएको तीन दलमध्ये सबैभन्दा सानो दलका रूपमा पुष्पकमल दाहालको नेतृत्वमा रहेको माओवादीले सत्ता सन्तुलनमा राखेको थियो । उनले दुई ठूला दलहरूमध्ये एक वा अर्कोसँग गठबन्धन गर्दै आफू प्रधानमन्त्रीको रूपमा कार्यभार सम्हाल्दै यसबाट फाइदा उठाएका थिए । भारतका ठूला दुई दल भाजपा र कांग्रेस एकसाथ आउनु जस्तै नेपालमा नेपाली कांग्रेस र नेकपा एमाले एक ठाउँमा आउँदा प्रचण्डलाई ठूलो झड्का लागेको छ । राष्ट्रियरूपमा खस्किँदै गएको जनमतले गर्दा माओवादीलाई एक्लै चुनाव लड्न गाह्रो हुनेछ । प्रचण्डपछिका दोस्रो स्तरका धेरै नेताहरूले आफ्नो लागि पार्टीमा भविष्य देखेका छैनन् । उनीहरू नेकपा एमालेमा आकर्षित हुनसक्ने अनुमान गरिएको छ । घटनाक्रमसँगै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली आफ्नो राजनीतिक स्थिति सुदृढ गर्दै नेपालको सबैभन्दा बलियो नेताका रूपमा देखिएका छन् ।



रञ्जीत रे

पाको उमेरका शेरबहादुर देउवाको नेतृत्वमा रहेको नेपाली कांग्रेस सबैभन्दा ठूलो दल भएर पनि विभाजित छ । युवा नेताहरूको लागि अवसर नआएमा सन् २०२२ मा देखिए जस्तै राष्ट्रिय स्वतन्त्र पार्टीजस्ता नयाँ शक्तिहरूले कांग्रेसको केही क्षेत्रहरू लिन सक्छन् । गठबन्धन सम्झौता सार्वजनिक नभए पनि ओलीले डेढ वर्षपछि देउवालाई प्रधानमन्त्रीको जिम्मा दिने अपेक्षा गरिएको छ । नेपालका विगतका अनुभवहरूले यस्ता सम्झौताहरू प्रायः भङ्ग हुने गरेको देखाउँछ । ओलीले अपेक्षा गरेजस्तै धेरै साना वामपन्थी दलका सदस्यलाई स्वीकार गरेमा एमाले संसद्को सबैभन्दा ठुलो दल बन्न सक्छ । कांग्रेस र एमालेको संसदीय संख्या १० सिटले मात्रै फरक छ ।

नेपालको संविधानको प्रावधानअनुसार सरकारले बहुमत गुमाएमा र नयाँ गठबन्धन सम्भव नभएमा राष्ट्रपतिले सरकार गठनका लागि सबैभन्दा ठुलो दललाई बोलाउनुपर्ने व्यवस्था छ । पछिल्लो पटक सन् २०१४ मा कांग्रेस र नेकपा एमाले मिलेर नयाँ संविधान निर्माणका लागि गठबन्धन सरकार बनाएका थिए । दुई प्रतिद्वन्द्वी एकै ठाउँमा आउनुको स्पष्ट कारण अहिले संविधानमा चित्तबुझ्दो नदेखिएका पक्षहरूको समीक्षा र परिमार्जन नै हो । यद्यपि माओवादीका प्रचण्डले दुई ठूला दलका नेताहरूविरुद्धको भ्रष्टाचार मुद्दामा भएको प्रगतिले उनीहरूलाई एकताबद्ध गरेको तर्क गरेका छन् ।

विशेष गरी तल्लो सदन प्रतिनिधि सभामा ४० प्रतिशत समानुपातिक प्रतिनिधित्व प्रणालीले गर्दा नै गठबन्धन सरकार बनाउनै पर्ने र यसबाट राजनीतिक अस्थिरता निम्त्याउँछ भन्ने भावना छ । संविधानको धर्मनिरपेक्षताका प्रावधानहरूमा पनि केही परिमार्जन हुनसक्ने अनुमान छ । नयाँ गठबन्धनसँग संविधान संशोधनका लागि आवश्यक बहुमत भए पनि संविधानका केही भाग छनोट गरी परिमार्जन गर्न खोज्दा अरू भागलाई पुनः परिमार्जन गर्नुपर्ने माग हुन सक्छ ।

यसअघि नै राजतन्त्र र हिन्दू राष्ट्रको पुनःस्थापनाका लागि राजतन्त्रवादी राष्ट्रिय प्रजातन्त्र पार्टीले कडा रूपमा माग गरिरहेको छ । ठूलो आन्दोलनपछि नयाँ संविधान निर्माण भयो र नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण भयो । विशेष गरी यदि संविधानको मूल विशेषताहरू पुनः केही परिमार्जन गर्न खोजियो भने राजनीतिक दलहरूले धेरै होसियारीपूर्वक यसमा अगाडि बढ्नु आवश्यक छ ।

राजनीतिक रङ जस्तोसुकै भए पनि भारतले नेपालका हरेक सरकारसँग सुमधुर सम्बन्ध कायम गर्नुपर्छ । तर विगतमा प्रधानमन्त्री ओलीसँग काम गर्दाको भारतको अनुभव त्यति सन्तोषजनक रहेन । ओलीले नेपालमा आफ्नो स्थानलाई बलियो बनाउन भारतविरोधी राष्ट्रवादलाई प्रभावकारी रूपमा प्रयोग गरेका थिए । विभिन्न व्यापार, यातायात र अन्य सम्झौतामार्फत चीनतर्फ ढल्कने ठूला घटनाक्रम ओलीको अघिल्लो सरकारको समयमा भएका थिए । ओलीको कार्यकालमा भारतसँगको सीमा विवाद पनि ठुलो समस्या बनेको थियो ।

ओली नेतृत्वको अहिलेको सरकारमा बिआरआइ (बेल्ट एन्ड रोड इनिसिएटिभ अफ चाइना) परियोजना अगाडि बढ्छ कि बढ्दैन हेर्न बाँकी छ । यसअघि कांग्रेस र माओवादी नेतृत्वको सरकारहरूले प्रतिस्पर्धी शर्तहरूमा अनुदान वा सहुलियतपूर्ण ऋणमा जोड दिएका थिए–जसमा चिनियाँहरू सहमत हुन हिच्किचाउँदै आएका छन् । तुलनात्मकरूपमा हेर्दा वाम गठबन्धनभन्दा नेपाली कांग्रेससहितको गठबन्धन उपयुक्त नै हुन्छ । सबैभन्दा ठूलो पार्टीका रूपमा कांग्रेसले ओलीको केही निरङ्कुश र एकपक्षीय निर्णयमा ब्रेकको रूपमा काम गर्न सक्दछ ।

भारतको दिगो हित भनेको नेपालमा जलविद्युत् र यातायात परियोजनाहरू तीव्रताका साथ अगाडि बढाउनु हो, जसमध्ये केहीले राम्रो प्रगति गरेका छन् । छ हजार भन्दा बढी मेगावाटको पञ्चेश्वर आयोजनाजस्ता अलपत्र परेका आयोजनाहरूलाई अगाडि बढाउनुपर्ने खाँचो छ । बलियो नेताहरू भएका दुई ठूला दलहरूले कुनै पनि ठूला परियोजनाहरू सुचारु गराउन सक्छन् । पञ्चेश्वर त्यस्तै एउटा परियोजना हो किनभने यसले ऐतिहासिक रूपमा ओलीको समर्थन पाएको छ र आयोजना देउवाको आफ्नै 'गरिब सुदूरपश्चिम' क्षेत्रमा अवस्थित छ ।

नेपालमा बढ्दो अमेरिका–चीन द्वन्द्वलाई नयाँ सरकारले कसरी व्यवहार गर्छ भनेर भारतले ध्यानपूर्वक अनुगमन पनि गर्नुपर्नेछ । यसैबीच राजनीतिक गठबन्धनहरू बन्दै र भत्किँदै जाँदा नेपालको आर्थिक अवस्था भने सन्तोषजनक भइरहेको छैन । यो अल्पविकसित देश दक्षिण एसियाका गरिब देशहरूमध्ये एक हो । विकासशील देश हुन राखिएका लक्ष्यको निर्धारित मितिहरू पछाडि धकेलिँदै आएको छ । नेपाली युवाहरू भारत र खाडीमा काम खोजिरहेका छन् । नेपालको करिब एक तिहाइ जनसंख्या वैदेशिक रोजगारीमा छ । यस्तो अवस्थामा आर्थिक विकासलाई गति दिनु नै नयाँ सरकारको सबैभन्दा महत्वपूर्ण एजेन्डा हुनुपर्छ र यसमा भारतको पूर्ण समर्थन पनि हुनुपर्छ ।

(भारतको इकोनोमिक टाइम्समा प्रकाशित लेख)

स्वास्थ्य

# मुटुको ख्याल गर्नुहोस् !

पछिल्लो समय हृदयाघातका मामिला लगातार बढ्दै गएका छन् ।

कम उमेरका मानिसमा समेत हृदयघातको समस्या बढ्दो छ । समाचार वा सामाजिक सञ्जालमा भाइरल भिडियोमा समेत सद्दे मान्छे बोल्दा बोल्दै, काम गर्दागर्दै वा व्यायाम गरिरहेको बेलामा एक्कासि ढलेर मृत्यु भएको घटना तपाईंले पनि देख्नु भएको होला । यस्ता घटना अब ठूलो वा सानो उमेर भन्ने नै छैन । जुनसुकै उमेरका र जस्तोसुकै काम गर्ने व्यक्तिमा पनि यस्ता समस्या देखिएका छन् ।

मुटुसम्बन्धी यी रोगको जिम्मेवार को हो ? के हाम्रा केही बानी वा केही खराब बानीहरू यसका लागि जिम्मेवार पो छन् कि ? बदलिँदो समयसँगै मानिसको बानी र जीवनशैली पनि फेरिएका छन् । हाम्रा यिनै फेरिएको बानी र जीवनशैली नै यी रोगका लागि बढी जिम्मेवार छन् । हामीले बेवास्ता गरेका केही बानीले हृदयाघातको जोखिम बढाइरहेको छ । यीमध्ये मुख्य तीन बानी यस प्रकार छन्ः

**धूम्रपान**

धूम्रपानले मुटुसँग सम्बन्धित अधिकांश रोग निम्त्याउँछ । हाम्रो शरीरमा कम घनत्वको लिपोप्रोटिन अर्थात् एलडीएल कोलेस्ट्रोलमाथि हाम्रो नियन्त्रण हुन्न । तर धूम्रपानलाई नियन्त्रणमा राख्नुचाहिँ हाम्रो हातको कुरा हो । हामी धूम्रपानबाट जति टाढा रहन्छौँ, मुटुको स्वास्थ्य त्यति नै राम्रो हुन्छ । अहिले युवा पुस्तामा हृदयाघातका घटना बढ्नुको मुख्य कारण धूम्रपान पनि हो । अत्यधिक धूम्रपानका कारण ४० वर्ष वा सोभन्दा कम उमेरका व्यक्तिको समेत हृदयाघातका कारण मृत्यु भइरहेको छ ।

**निद्रामा कमी**

मुटुलाई स्वस्थ राख्न पर्याप्त निद्रा चाहिन्छ । पछिल्लो समय स्मार्टफोन र सामाजिक सञ्जालको धेरै प्रयोगका कारण मानिसहरू अबेर रातसम्मै जागा बस्न थालेका छन् । रातिको सिफ्टमा काम गर्नेले पनि पर्याप्त निद्रा पाइरहेका छैनन् । कम सुत्नु मुटुको लागि राम्रो होइन । पर्याप्त निद्राले हृदयाघात र क्यान्सर दुवैबाट हामीलाई जोगाउँछ ।

**व्यायामको कमी**

हिजोआज एकाथरी मानिसहरू कुर्सीमा बसेर लामो समयसम्म डेस्कटपमा काम गर्छन् । व्यायामको कमी अनि खराब आहारव्याहार र खानपिन राम्रोसँग ध्यान नदिँदा बिपी र मधुमेहको समस्या धेरैमा बढिरहेको छ । नियमित व्यायाम गर्ने हो अनि खानामा नूनको सेवन कम गर्ने हो भने मुटुसम्बन्धी रोगहरूबाट धेरै हदसम्म बच्न सकिने डाक्टर र स्वास्थ्य विज्ञहरू बताउँछन् ।

शिक्षा

# कक्षा १२ को नतिजा

राष्ट्रिय परीक्षा बोर्ड सानोठिमीले शुक्रबार कक्षा १२ को नतिजा सार्वजनिक गरेको छ । शुक्रबार बसेको बोर्ड बैठकले आफ्नो वेबसाइटमार्फत नतिजा सार्वजनिक गरेको हो । बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले यस वर्ष कक्षा १२ मा ५२ दशमलव ९१ प्रतिशत विद्यार्थी ग्रेडेड अर्थात् उत्तीर्ण भएको बताए । यस वर्षको नतिजामा गत वर्षको तुलनामा तीन प्रतिशत वृद्धि भएको उनले जानकारी दिए ।

बोर्डका अनुसार वैशाख १४ गतेदेखि सञ्चालन भई २६ गते सम्पन्न परीक्षामा नियमिततर्फ एक लाख ९३ हजार नौ सय ३३ छात्र र एक लाख ९६ हजार नौ सय १४ छात्रागरी कूल तीन लाख ९० हजार आठ सय ६८ परीक्षार्थी सहभागी थिए । त्यसमध्ये दुई लाख तीन हजार आठ सय ४७ विद्यार्थी उत्तीर्ण भएको बोर्डले जनाएको छ । परीक्षामा तीन दशमलव ६१ देखि चार जिपिए ल्याउने विद्यार्थीको सङ्ख्या नौ हजार पाँच सय ९१ छ । जसमा बागमती प्रदेशबाट छ हजार सात सय ५२ विद्यार्थी छन् । कर्णाली प्रदेशमा सबैभन्दा कम २४ जना विद्यार्थीले मात्रै यति जिपिए ल्याएका छन् । त्यसैगरी, ४६ हजार आठ सय ९३ विद्यार्थीले तीन दशमलव २१ देखि तीन दशमलव ६० सम्म जिपिए र ७८ हजार ७५ विद्यार्थीले दुई दशमलव ८१ देखि तीन दशमलव २० सम्म जिपिए ल्याएका छन् । परीक्षामा एक लाख ८७ हजार २१ जना अनुत्तीर्ण अर्थात् ४७ दशमलव ०९ प्रतिशत विद्यार्थीको नतिजामा ननग्रेडिङ आएको छ । बोर्डका अनुसार पाँच हजार छ सय ३२ परीक्षार्थीले कुनै पनि विषयको परीक्षा दिएनन् भने एक सय दुई विद्यार्थीको परीक्षा रद्द गरिएको छ ।

ग्रेड वृद्धितर्फ विसं २०७८ र २०७९ का २८ दशमलव २६ प्रतिशत र विसं २०७६ र ०७७ का ६२ दशमलव ०५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको परीक्षा नियन्त्रक कृष्ण शर्माले जानकारी दिए । यसअघि विसं २०७८ को नतिजामा ४६ दशमलव ०४ प्रतिशत र विसं २०७९ को नतिजामा ५१ दशमलव ९१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए । बोर्डले लेटर ग्रेडिङ निर्देशिका–२०७८ अनुसार सञ्चालन गरेको परीक्षाको नतिजाअनुसार प्रत्येक विषयमा सैद्धान्तिकतर्फ कम्तीमा ३५ प्रतिशत अङ्क नल्याएमा विद्यार्थीको नतिजा एनजी अर्थात अनुत्तीर्ण आउँछ । बोर्डका अनुसार नतिजा राष्ट्रिय परीक्षा बोर्डको वेबसाइट धधध ।लभद ।नयख ।

लउ,चगकभति ।लभद ।नयख ।लउ, नेपाल टेलिकमको वेबसाइट धधध ।लभद ।लतअ ।लभत ।लउ मा लग इन गरी हेर्न सकिन्छ । त्यसैगरी एसएमएसबाट पनि नतिजा हेर्न सकिने छ । त्यसका लागि लभद लेखेर एक स्पेस दिइ आफ्नो सिम्बोल नम्बर टाइपगरी १६०० नम्बरमा र नेपाल टेलिकमको १६०१ मा एसएमएस पठाएर पनि हेर्न सकिने जनाएको छ ।

अन्तर्राष्ट्रिय

# इतिहासमै जुलाईमा जापानमा गर्मी


जापानमा १ सय २६ वर्ष पहिले मौसम मापन शुरु भएदेखि यस वर्षको जुलाईमा अधिकतम तापक्रम मापन गरेको मौसम विभागले जनाएको छ । गतवर्ष जुलाईमा मापन गरिएको औसतभन्दा १.९१ डिग्री सेल्सियस बढी तापक्रमको रेकर्ड तोड्दै यस वर्ष देशको तापक्रम औसतभन्दा २.१६ डिग्री सेल्सियसले बढेको छ । जापान मौसम विज्ञान एजेन्सी (जेएमए) ले बिहीबार राष्ट्रव्यापी रूपमा तथ्याङ्क उल्लेखनीय रूपमा उच्च भएको उल्लेख गर्दै भनेको छ, 'सन् १८९८ मा तथ्याङ्क शुरु भएदेखि मापन भएको यो सबैभन्दा उच्च तापक्रम हो ।' जापानभरिका १ सय ५३ मौसम अवलोकन समीक्षामध्ये ६२ ले जुलाईमा आफ्नो औसत तापक्रमको रेकर्ड तोडेको हो । प्रशान्त महासागरको उच्च चाप र दक्षिणबाट आएको न्यानो हावा तापक्रम वृद्धि गर्ने मुख्य कारक रहेको जेएमएले बताएको छ । विपद् व्यवस्थापन एजेन्सीका अनुसार अप्रिलदेखि जापानमा अत्यधिक तापक्रमका कारण आउने स्वास्थ्य समस्या (हिटस्ट्रोक) का कारण ५९ जनाको मृत्यु भएको छ । अधिकारीहरूले 'अत्यन्त तातो' ठानेको ३५ डिग्री तापक्रमको रेकर्डलाई ब्रेक गर्दै गत महिना टोकियोको पश्चिम सिजुओका यस वर्ष ४० डिग्री सेल्सियस तापक्रम पुग्ने पहिलो जापानी क्षेत्र बनेको छ । यसैबीच, युरोपेली सङ्घको जलवायु अनुगमनले इतिहासमै पृथ्वीमा रेकर्ड गरिएको सबैभन्दा तातो दिनहरू जुलाईमा अनुभव भएको बताएको छ । एजेन्सी

# 'सुशासनका लागि सूचनाको हक अपरिहार्य'

**महोत्तरी ।**
लोकतान्त्रिक पद्धतिको सुदृढीकरण र सुशासनको प्रत्याभूतिका लागि सूचनाको हक अपरिहार्य भएको औँल्याइएको छ । मधेश प्रदेशसभाका सदस्यसँग राष्ट्रिय सूचना आयोगले धनुषाको लालगढमा शुक्रबार सुरु भएको दुईदिने गोष्ठीको उद्घाटन सत्रमा सहभागीले सूचना सबै नागरिकको पहुँचमा पुग्न आवश्यक भएकामा सुझाव दिएका थिए ।



कार्यक्रममा मधेश प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलले सूचना लोकतन्त्रको अनिवार्य आधार भएको बताए । उनले सूचनाले व्यक्तिलाई जिम्मेवार बनाउने हुँदा यसलाई जति व्यवस्थित प्रवाह गर्न सकिन्छ, आफ्ना कामप्रति सम्बद्ध व्यक्ति उति नै जवाफदेही बन्नसक्ने उल्लेख गरे । मुलुकमा अहिले धेरैजसो सरकारी कार्यालयमै सूचना लुकाइने गरिएको गुनासो रहेको उनको भनाइ छ ।
कार्यक्रममा आयोगका प्रमुख आयुक्त महेन्द्रमान गुरुङले सूचना पाउने नागरिकको संवैधानिक अधिकार स्वतः पाउनुपर्नेमा माग्दा नपाइएको अवस्था रहेको बताए । उनले सार्वजनिक निकायमा माग गरिएका सूचना नपाइँदा सोसम्बन्धी पुनरावेदन मधेसबाट बढी पर्ने गरेका जानकारी दिए । कामको पारदर्शिता, जिम्मेवारी बोध र विधिको शासन सूचनाको पहुँचबिना हुन नसक्ने प्रमुख आयुक्त गुरुङको भनाइ छ । उनले कानुनले गोप्य राख्न निर्देश गरेबाहेकका सूचना सार्वजनिक निकायले आफैँ प्रवाह गर्ने नियमित व्यवस्था मिलाउन आग्रह गरे । कार्यक्रममा संवैधानिक कानुनका ज्ञाता एवं सूचना विज्ञ काशीराज दाहालले सूचना सुशासनको आधारभूत विषय भएको हुँदा यसको कार्यान्वयनमा सरकारका निकायले नै पहिलो पहलकदमी देखाउन जरुरी भएको उल्लेख गरे ।
दुईदिने कार्यशालामा सूचनाको हकसम्बन्धी विश्वको जानकारी, दक्षिण एसिया, नेपालको संविधान र कानुनमा भएका विषयबारे पहिलो छलफल हुने कार्यक्रम छ । यसैगरी पारदर्शिता, जवाफदेहिता र सूचनाको हकको अन्तरसम्बन्ध, डिजिटल प्रविधिको प्रयोग र सूचनाको हकको अन्तरसम्बन्धबारे सामूहिक छलफल गरिने आयोगका सचिव युवराज अधिकारीले जानकारी दिए ।
कार्यक्रममा सूचनाको हक कार्यान्वयन अवस्था, संसद्को भूमिका र अपेक्षाबारे छलफल गरिने आयोगले जनाएको छ । संवैधानिक कानुनका ज्ञाता दाहाल, सूचनाको हकका अभियान्ता तारानाथ दाहाल, आयोगका आयुक्त कमला ओली र सन्तोष दाहालले सहजीकरण गर्नुहुने सचिव अधिकारीले जानकारी दिए । रासस



**बोलबम यात्रा :** सर्लाहीको बागमती नगरपालिका–१२ स्थित बागमती नदी किनारमा शुक्रबार जल उठाउन आएका बोलबम यात्रीहरू । यहाँबाट उठाएको पवित्र जल सोमबार सम्म पैदल यात्रा गरी नेपाल तथा भारतको विभिन्न शिवालय सम्म पुऱ्याएर चडाउने गरिन्छ । तस्बिरः सिंगबहादुर थापा/रासस

# घरेलु तथा साना उद्योग खोल्ने क्रम घट्दो

**वीरगंज ।**
पर्सामा विगत तीन वर्षयता घरेलु तथा साना उद्योग खोल्ने क्रम निरन्तर घट्दै आइरहेको छ । आर्थिक मन्दी र लगानीमैत्री वातारण नहुँदा पछिल्लो तीन वर्षमा नयाँ उद्योग खोल्ने क्रम घटिरहेको देखिन्छ । गत आर्थिक वर्षमा आठ सय ९७ घरेलु तथा साना उद्योग नयाँ थपिएका छन् ।
जबकि आव २०७९/८० मा भने यहाँ एक हजार ८९ वटा उद्योग दर्ता भएका थिए । त्यस्तै, आव २०७८/७९ मा भने एक हजार चार सय ८८ वटा उद्योग दर्ता भएका थिए । घरेलु तथा साना उद्योग कार्यालय पर्साका प्रमुख उद्योग अधिकृत धनञ्जयकुमार सिंहले अघिल्लो आवको तुलनामा चालु आवमा नयाँ उद्योग दर्ता हुनेको संख्यामा केही कमी आएको बताए ।
'गत आर्थिक वर्षमा बैङ्कमा तरलता धेरै बढ्यो तर कुनै पनि उद्योगी/व्यवसायीले नयाँ उद्योग सञ्चालनका लागि आवश्यक कर्जा भने लिन सकिरहेका छैनन् । जसले




गर्दा पनि नयाँ साना तथा घरेलु उद्योग दर्तामा प्रत्यक्ष असर देखियो' उनले भने, 'समग्र मुलुकभरिकै अर्थतन्त्रमा शिथिलता र लगानीमैत्री वातावरण नहुँदा पनि धेरै उद्योग थपिएका छैनन् ।'
आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा नयाँ उद्योग दर्ता संख्या एक सय ९२ वटाले घटेको देखिन्छ । कार्यालयका अनुसार गत आवमा उत्पादनमूलक र कृषि तथा वन अन्य उद्योगतर्फ छुट्टाछुटै एक सय ७९ नयाँ उद्योग दर्ता भएका छन् । त्यस्तै, निर्माणतर्फ एक सय एक एक नयाँ उद्योग दर्ता भएका छन् । पर्यटनतर्फ ८०, सेवातर्फ तीन सय ५८ वटा नयाँ उद्योग थपिएका छन् । गत आवमा ऊर्जामुलुक, सूचना तथा सञ्चार र खनिजतर्फ भने कुनै पनि उद्योग दर्ता भएनन् । गत आवमा दर्ता भएका सबै खालका उद्योगको चालु पुँजी भने एक अर्ब पाँच पाँच करोड ९८ लाख सात हजार चार सय ५४ रुपैयाँ रहेको छ । गत आवमा दर्ता भएका नयाँ उद्योगले तीन हजार चार सय ५५ जनालाई रोजगारी सिर्जना गर्ने बताइएको छ ।
कार्यालयका अनुसार गत आवमा वाणिज्य प्रशासनतर्फ भने पाँच सय ११ वटा नयाँ पसल दर्ता भएका छन् । विसं २०८० असोज २५ गतेदेखि वाणिज्य प्रशासनतर्फ दर्ता हुने पसलहरु पनि अहिले घरेलु तथा साना उद्योगमा दर्ता हुने व्यवस्था अनुसार ती थपिएका हुन् । रासस

# प्रादेशिक अस्पताल गौरमा प्रसूति सेवा लिने बढे




**मधेशदृष्टि**
**रौतहट ।**
प्रादेशिक अस्पताल गौरमा प्रसूति सेवा लिनेको संख्यामा बृद्धि भएको पाइएको छ । अस्पतालको सेवा सुविधामा सुधार गर्नुका साथै निःशुल्क सुरक्षित प्रसूति सेवा दिइने भएकाले पनि प्रादेशिक अस्पताल गौरमा प्रसूति सेवा लिनेको संख्या बृद्धि भएको अस्पतालले जनाएको छ । जिल्लाका विभिन्न पालिकाबाट हाल दैनिक २५ देखि ३० जनासम्म महिला प्रादेशिक अस्पतालमै गएर बच्चा जन्माउने गरेको अस्पतालका व्यवस्थापन समितिका अध्यक्ष अनवर हाशमीको भनाइ छ । उनका अनुसार प्रसूति गराउने अनुभवी तथा दक्ष चिकित्सक र अन्य सेवा सुविधा तथा उपकरणको राम्रो व्यवस्था गरिएकोले पछिल्लो समय प्रादेशिक अस्पताल गौरमा बच्चा जन्माउने महिलाको संख्या बढेको हो ।
अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. मुरारी ठाकुरले अस्पतालमा रहेका पुराना, अनुभवी र दक्ष चिकित्सक एवं नर्सिङ कर्मचारीहरूका कारण सबैतिरबाट बच्चा जन्माउनका लागि यहाँ आउने गरेको बताए । डा. ठाकुरका अनुसार प्रसूति कक्षमा १४ जना भन्दा बढी नर्सिङ कर्मचारी रहेको र उनीहरू चौबिसै घण्टा उपलब्ध हुने गरेका छन् । अस्पतालमा ३ जना प्रसूतिका विशेषज्ञ चिकित्सक रहेका छन् । मेडिकल सुपरिटेन्डेन्ट डा. ठाकुरले दक्ष जनशक्ति, चौबिसै घण्टा चिकित्सक सहितको सेवा, बिरामीलाई दिइने प्राथमिकता, निःशुल्क प्रसूति सेवा लगायतका कारण यो अस्पतालमा प्रसूति गराउनेको संख्यामा वृद्धि हुँदै बताए । अस्पतालमा छुट्टै सुविधासम्पन्न प्रसूतिगृह निर्माण गरी शिशु सघन उपचार कक्षको क्षमता विस्तार गर्न आफू लागिपरेको मेडिकल सुपरिटेन्डेन्ट डा. ठाकुरको भनाइ छ ।निजी अस्पतालमा प्रसूति गराउँदा ठूलो रकम खर्च हुने गरेको छ । तर सरकारी अस्पतालमा निःशुल्क प्रसूति सेवा र शिशु सघन उपचार कक्षमा सेवा प्राप्त हुने भएकाले निजी भन्दा यस प्रादेशिक अस्पतालमा बच्चा जन्माउने आमाको संख्या दिनप्रतिदिन बढ्दै गएको पाइएको छ ।

# अम्लेखगञ्ज पेट्रोलियम परियोजना अन्तिम चरणमा

**जनकपुरधाम ।**
नेपाल–भारत सहयोगमा निर्माणाधीन मोतिहारी–बारा–अम्लेखगञ्ज पेट्रोलियम पाइप लाइन परियोजनाअन्तर्गत दोस्रो चरणको काम प्रायः पूरा भएको छ ।
नेपाल आयल निगमले उक्त परियोजनाको ९० प्रतिशत काम पूरा भएको जनाएको छ । निगमको मधेश प्रदेश प्रादेशिक कार्यालय अमलेखगञ्जका प्रमुख विनितमणि उपाध्यायका अनुसार मोतिहारी–अमलेखगञ्ज पेटोलियम पाइप लाइन परियोजनाअन्तर्गत दोस्रो चरणको मुख्य ट्याङ्की चार हजार एक किलोलिटर क्षमताका दुईवटा ट्याङ्की निर्माण पूरा भएको तथा अन्य प्राविधिक काम दुई महिनाभित्र सम्पन्न गर्नेगरी द्रुतगतिमा भइरहेको छ । पेट्रोलियम पदार्थको भण्डारणसँगै पाइप लाइन जडानकार्य पनि अन्तिम चरणमा पुगेको छ । परियोजनामा सरकारको एक अर्ब ५४ करोड रुपैयाँ तथा भारत सरकारको ६० करोड रुपैयाँ लगानी छ । रासस

# कुशवाहा पुनः केन्द्रीय सदस्यमा मनोनीत हुँदा जिल्ला इन्चार्जमा गुप्ता

**सञ्जय मिश्रा**
**रौतहट ।**
नेकपा एमालेको केन्द्रीय सदस्यमा कुन्दन कुशवाहा पुनः मनोनीत हुँदा रौतहट जिल्लाको इञ्चार्जमा पार्टी केन्द्रीय सदस्य अजय कुमार गुप्ता मनोनीत भएका छन् ।
बिहीवार बसेको एमालेको सचिवालय बैठकले पार्टी जिल्ला इन्चार्जमा गुप्ता र पार्टीको केन्द्रीय सदस्यमा कुशवाहालाई मनोनयन गरेको हो । इन्चार्ज गुप्ता गत निर्वाचनमा रौतहट संसदीय निर्वाचन क्षेत्र नम्बर १ बाट एमालेको टिकटमा प्रतिनिधिसभा सदस्य पदमा चुनाव लडेका थिए । उनी थोरै मतले पछि पर्दा उक्त क्षेत्रबाट नेकपा समाजवादीका अध्यक्ष माधव कुमार नेपाल निर्वाचित भएका थिए ।
त्यसैगरी कुन्दन कुशवाहा गत निर्वचनमा क्षेत्र नम्बर ३ (ख) बाट प्रभु साहको साथमा प्रदेश सांसद पदका लागि स्वतन्त्र





रूपमा चुनाव लडेका थिए । तत्कालीन नेकपा एमालेका पोलिब्युरो सदस्य प्रभु साहले एमालेको टिकट पाखा लगाउँदै स्वतन्त्र चुनाव लड्दा उनकै सल्लाह अनुसार तत्कालीन एमालेका केन्द्रीय सदस्य कुशवाहाले पनि पार्टीको टिकट पाखा लगाएर स्वतन्त्र उमेदवारी घोषणा गरेका थिए । क्षेत्र ३ (ख) मा कांग्रेस उमेदवार सुनिल कुमार यादव (जितेन्द्र) प्रदेश सांसदमा निर्वाचित हुँदा कुशवाहा दोस्रो स्थानमा रहेर पराजित भएका थिए । लगत्तै नेकपा एमाले पार्टीले प्रभु साह र उनको टिममा रहेका कुन्दन कुशवाहालगायतलाई पार्टीको साधारण सदस्यबाट निष्कासन गरेका थिए । प्रभु साहले नेतृत्व गरेको आमजनता पार्टीको महासचिवको जिम्मेदारी पाएका कुन्दन कुशवाहा ६ महिना अघि गत निर्वाचनमा आफूसँग 'धोका' गरिएको भन्दै प्रभु साहको साथ छोडेर पुनः नेकपा एमालेमा प्रवेश गरेका थिए ।
कुशवाहालाई पार्टी अध्यक्ष वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले स्वागत गर्दै पार्टीमा भित्र्याएका थिए । पूर्व मन्त्री तथा आजपा अध्यक्ष प्रभु साहको साथमा हुँदा निकै क्रियाशील रहनुका साथै कटहरिया ४ स्थित तराई मधेश सहिद स्मृति प्रतिष्ठानको भवन निर्माणका लागी लाखौँ मूल्य पर्ने २ कठा जग्गा निःशुल्क प्रदान गरेका थिए ।
कटहरियाका पूर्व गाविस अध्यक्ष जादोलाल महत्तोका जेठा छोरा कुन्दन कुशवाहा प्रदेश सांसदको राजनीति गर्दा कान्छा चन्दन कुशवाहा वडा ४ मा दोस्रो पटक वडा अध्यक्षमा निर्वाचित भएका छन् । युवाहरु बीच लोकप्रिय चन्दन २०८४ को स्थानीय निर्वाचनमा मेयर पदमा चुनाव लड्ने हाल ब्यापक चर्चा चलेको छ । सरल स्वाभावका चन्दन विकास निर्माणमा बिशेष चासो राख्नुका साथै नगरबासी माझ त्यतिकै लोकप्रिय रहेको स्थानीयहरुले बताउने गरेका छन् ।

# गाडीसहित अवैध काठ बरामद

**मधेशदृष्टि**
**रौतहट ।**
इलाका प्रहरी कार्यालय चन्द्रिगाहपुरको गस्ती टोलीले सालको अबैध काठसहितको भारतीय नम्बरको स्कारपियो गाडी बरामद गरेको छ ।
विशेष सूचनाको आधारमा डिएसपी राजकुमार राईको कमाण्डमा गएको टोलीले बिहीवार राति अढाई बजे चन्द्रपुर ६ बेलडि स्थितमा एच आर १४ सी ८६९७ नम्बरको स्कोरपियो गाडी माथि शङ्का लागि चेकजाँच गर्दा गाडीभित्र लुकाई छिपाई राखेको सालको ५ थान गोलिया बरामद गरेको जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले जानकारी दिइन् । बरामद गरिएको साढे २३ क्युफिट सालको काठसहित गाडीको कुल १५ लाख ५१ हजार सात सय रुपैयाँ मूल्याङ्कन गरी आवश्यक कारवाहीको लागि डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरमा दाखिला गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# पेस्तोलसहित दुई भारतीय पक्राउ

**मधेशदृष्टि**
**सिरहा ।**
प्रहरीले सिरहाको सखुवानक्कारकट्टीबाट पेस्तोल सहित दुई जना भारतीय नाागरिकलाई पक्राउ गरेको छ । लहान ठाडी सडकखण्डअन्तर्गत सखुवानन्कारकट्टी गाउँपालिका वडा नम्बर ५ महेशबारी चोकबाट प्रहरीले पेस्तोलसहित दुई भारतीय नागरिकलाई पक्राउ गरेको हो ।
जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख रमेश पण्डितका अनुसार बिहीबार साँझ इलाका प्रहरी कार्यालय महेशबारीले ठाडीबाट लहानतर्फ जाँदै गरेको यात्रुवाहक बसमा जाँच गर्दा उनीहरु एक थान पेस्तालसहित पक्राउ परेका हुन् ।
पक्राउ पर्नेहरुमा भारतको मधुवनी जिल्ला पिपराही ग्राम पञ्चायत झझरीका १८ वर्षीय नीरजकुमार पासवान र सोही ग्राम पञ्चायतअन्तर्गत बलानशेर टोलका ३७ वर्षीय अरुण साह रहेको प्रहरीले जनाएको छ ।

# दश दिनपछि मन्त्रीलाई विभागीय जिम्मेवारी



**लुम्बिनी ।** लुम्बिनी प्रदेश सरकारमा सहभागी आठ मन्त्रीको विभागीय जिम्मेवारी तोकिएको छ। विनाविभागीयमन्त्रीका रुपमा १० दिनअघि शपथ लिनुभएका मन्त्रीहरुको शुक्रबार विभागीय जिम्मेवारी तोकिएको हो । लुम्बिनी प्रदेश सरकारको मुख्यमन्त्रीमा एमाले संसदीय दलका उपनेता चेतनारायण आचार्यसहित एमालेबाट पाँच र कांग्रेसबाट चार मन्त्रीले साउन ९ गते शपथ लिएका थिए । मुख्यमन्त्री चेतनारायण आचार्यले उनीहरुको कार्यविभाजन गरेका हुन् । मुख्यमन्त्री आचार्य र कांग्रेस संसदीय दलका नेता डिल्लीबहादुर चौधरीबीच शुक्रबार नै भएको छलफलबाट मन्त्रालयको जिम्मेवारी टुङ्गो लगाइएको हो ।

सहमतिअनुसार कांग्रेसबाट आर्थिक मामिला तथा योजनामन्त्रीमा गुल्मीका धनेन्द्र कार्की, सहरी विकास तथा खानेपानीमन्त्रीमा प्यूठानका सरोज थापा, वन तथा वातावरणमा बाँकेका बादशाह कुर्मी, उद्योग, पर्यटन तथा यातायातमन्त्रीमा दाङका प्रचण्डविक्रम न्यौपानेले जिम्मेवारी पाएको सरकारका प्रवक्ता नवनियुक्त कृषि तथा भूमि व्यवस्थामन्त्री दिनेश पन्थीले जानकारी दिए । नेपाली कांग्रेसको भागमा परेको एक मन्त्री पठाउन बाँकी छ ।

सरकारको नेतृत्व गरेको नेकपा (एमाले)बाट भौतिक पूर्वाधार विकासमन्त्रीको जिम्मेवारी रुपन्देहीका भूमिश्वर ढकाल, कृषि तथा भूमि व्यवस्थामन्त्री गुल्मीका दिनेश पन्थी, स्वास्थ्यमन्त्री पाल्पाका खेम सारु र ऊर्जा जलस्रोत र सिँचाइमन्त्रीको जिम्मेवारी दाङकी सीता शर्मा चौधरीले प्राप्त गरेको प्रवक्ता पन्थीले बताए ।

लुम्बिनी प्रदेशमा १२ मन्त्रालय रहेकामा एमालेले मुख्यमन्त्रीसहित पाँच, कांग्रेसले पाँच र दुई साना दललाई मन्त्रालय बाँडफाँटको सहमति यसअघि गरिएको थियो । आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सामाजिक विकास मन्त्रालय र महिला तथा बालबालिका मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्री आफैले राखेका छन् ।रासस

# राजर्षि जनक विश्वविद्यालयमा लोसपा निकट विद्यार्थी संगठन विजयी



**मधेशदृष्टि**
**जनकपुरधाम ।** राजर्षि जनक विश्वविद्यालयको स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा सभापतिमा लोकतान्त्रिक विद्यार्थी संगठन निकट विद्यार्थी संगठन लोकतान्त्रिक विद्यार्थी संघ विजयी भएको छ । लोविसंघका सभापति तर्फ प्रवेश यादवले १२० मत प्राप्त गरि विजयी भएका छन् । उनका निकटतम् प्रतिद्वन्दी अनेरास्ववियुका श्याम साहले १११ मत प्राप्त गरे भने संयुक्त विद्यार्थी प्यानलका रवि कुमार साहले ९६ मत प्राप्त गरे । नेविसंघका तिलोक यादवले भने ७१ मत प्राप्त गरे । विद्यार्थी जनमत संघका शशिकान्त मण्डलले कुल ३८ मत प्राप्त गरे । त्यसैगरी सचिवमा नेकपा एकीकृत समाजवादी निकट अनेरास्ववियुका राजु अधिकारी विजयी भएका छन् । उनले ११० मत प्राप्त गरे भने निकटम प्रतिद्वन्दीमा लोविसंघका सुभाषचन्द्र यादवले १०४ मत प्राप्त गरे । स्ववियुको कोषाध्यक्षमा नेपाल विद्यार्थी संघका शिवशंकर महतो विजयी भएका छन् । कोषाध्यक्षको लागि नेविसंघका महतोले ११९ मत प्राप्त गरे भने लोविसंघकी वर्षा कुमारी साहले ९६ मत प्राप्त गरिन् । यस्तै, सदस्यहरुमा लोविसंघका रामकुमार महासेठ ११५ मत ल्याएर विजयी भए भने अर्को सदस्यमा अनेरास्ववियुका विरेन्द्र यादव, संयुक्त विद्यार्थी प्यानलकी सृष्टी चौधरी, प्रतिक साह नेपाल लगायतका चुनिएका छन् । कुल ४७५ मतदाता विद्यार्थी रहेकोमा बिहीबार सम्पन्न मतदानमा कुल ४४४ मत खसेको थियो ।

# सुदूरपश्चिममा नयाँ सरकार गठनका लागि आह्वान



**मधेशदृष्टि**
**वीरगंज ।** सुदूरपश्चिमका प्रदेश प्रमुख नजिर मियाँले नयाँ सरकार गठनका लागि आह्वान गरेका छन् । एकीकृत समाजवादीबाट मुख्यमन्त्री बनेका दीर्घबहादुर सोडारीले राजीनामा दिएपछि प्रदेश प्रमुखले नयाँ सरकार गठनका लागि शुक्रबार आह्वान गरेका हुन् । मुख्यमन्त्रीमा आइतबार साँझ ५ बजेभित्र दाबी पेश गर्न समय दिइएको छ । प्रदेश प्रमुख कार्यालयका प्रवक्ता दीर्घराज भट्टले प्रदेश प्रमुखले संविधानको धारा १६८ को (२) उपधारा बमोजिम दुई वा दुईभन्दा बढी दलको समर्थनमा नयाँ सरकार गठनका लागि आह्वान गरेको जानकारी दिए । राजनीतिक समीकरण फेरिएपछि एमालेले २० असारमा सोडारी नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो । समर्थन फिर्ता लिएको ३०औं दिनमा शुक्रबार मुख्यमन्त्री सोडारीले प्रदेश सभा बैठकलाई सम्बोधन गर्दै राजीनामा घोषणा गरेका थिए । लगत्तै सोडारीले प्रदेश प्रमुख नजिर मियाँलाई भेटेर राजीनामा पत्र बुझाएका थिए । कांग्रेस र एमालेबीच भएको भागबन्डा अनुसार सुदूरपश्चिम सरकारको नेतृत्व कांग्रेसले गर्ने भएको छ । कांग्रेसमा मुख्यमन्त्री लागि पूर्वमुख्यमन्त्री समेत रहेका कमलबहादुर शाह, प्रदेश सभा सदस्य बहादुरसिंह थापा, दिवानसिंह बिष्ट र प्रकाशबहादुर देउवाले दाबी गरिरहेका छन् । मुख्यमन्त्रीका चारैजना आकांक्षीसँग छुट्टाछुट्टै छलफल गरेका सभापति देउवाले अहिलेसम्म निर्णय दिइसकेका छैनन् । देउवाले दिने निर्देशनअनुसार अघि बढ्ने प्रदेश संसदीय दलले जनाएको छ ।

# ६८ फर्मलाई कारबाही



**चितवन ।** आन्तरिक राजस्व कार्यालय भरतपुरले गत आर्थिक वर्षमा नक्कली बिलबिजक बनाएर कारोबार गर्ने ६८ फर्मलाई कारबाही गरेको छ । कार्यालयका प्रमुख नीरन भट्टराईले कारबाहीबाट एक अर्ब चार करोड रुपैयाँ बराबरको राजस्व निर्धारण गरिएको जानकारी दिए । बिलबिजक अनुसन्धानको क्रममा आयकरतर्फ ७२ करोड ८३ लाख ९९ हजार रुपैयाँ र मूल्य अभिवृद्धि कर (भ्याट) तर्फ ३२ करोड ९८ लाख २५ हजार रुपैयाँ कर निर्धारण गरिएको छ । यहाँ रहेका कवाडी व्यवसायी, हार्डवेयर, किचनका सामग्री बिक्री गर्ने पसल र कपडा पसलको दुईदेखि तीन आर्थिक वर्षसम्मको विवरण अनुसन्धान गर्दा यस्तो भेटिएको कार्यालय प्रमुख भट्टराईले जानकारी दिए । उनकानुसार सबैभन्दा धेरै नक्कली भ्याट बिल बनाउनेमा कवाडी व्यवसायी रहेका छन् । यस्तै कार्यालयले गत वर्ष दुई सय २७ पटक बजार अनुगमन गरी सात करोड ५१ लाख रुपैयाँ जरिवाना असुल गरेको छ । कार्यालयमा दर्ता भएका व्यावसायिक फर्ममध्ये पाँच सय ६९ वटाको लेखा नम्बर बन्द गरिएको छ । यहाँ दुई हजार छ सय १७ जनाले लेखा नम्बर बन्द गराउन निवेदन दिएका थिए । भट्टराई भने, 'लेखा नम्बर बन्द गर्नका लागि दिएका निवेदनको राजश्व बाँकी रहेको नरहेको हेरेर माल काम गर्न सकिने हुँदा कम संख्यामा करदाताको लेखा नम्बर बन्द गरिएको हो ।' गत आर्थिक वर्षमा तीन हजार सात सय ५६ जना व्यावसायीले नयाँ व्यावसायिक लेखा नम्बर लिएका छन् । यस कार्यालयमा हाल व्यावसायिक लेखा नम्बर लिनेको संख्या ५७ हजार नौ सय १९ रहेको छ । रासस

# एकीकृत समाजवादीले टुंग्यायो केन्द्रीय कमिटी



**मधेशदृष्टि**
**वीरगंज ।** नेकपा एकीकृत समाजवादीले केन्द्रीय कमिटी टुंग्याएको छ । अध्यक्ष माधवकुमार नेपाल, सम्मानित नेता झलनाथ खनाल र महासचिव घनश्याम भूसालले केन्द्रीय सदस्यहरुको नामावली टुंग्याएका हुन् । १६ साउनमा बसेको केन्द्रीय कमिटीले प्रस्तावित नामहरु टुंग्याउने जिम्मा तीन नेतालाई दिएको थियो । 'प्रस्तावित नामहरुलाई तीन नेता बसेर टुंग्याउनुभएको छ' प्रवक्ता जगनाथ खतिवडाले भने, 'केन्द्रीय सदस्यहरुको नामावली टुंग्याउँदा कमिटीलाई पनि पूर्णता दिइएको छ ।' अध्यक्ष नेपाल सहित तीन नेताले ३४४ जना केन्द्रीय सदस्यहरुको नाम टुंग्याएका हुन् । एकीकृत समाजवादीको विधानमा भने २९९ सदस्यीय केन्द्रीय कमिटी रहने व्यवस्था छ । प्रवक्ता खतिवडाका अनुसार पछि मनोनीत गरिने संख्यालाई समेत एकैपटक टुंग्याइएको हो ।

# हात्ती परिचालन गरी बाघ नियन्त्रणमा



**दोधारा चाँदनी ।** कञ्चनपुरमा हात्तीसहितको टोली परिचालन गरी बाघलाई नियन्त्रणमा लिइएको छ । दोधारा चाँदनी नगरपालिका–२ को उखुबारीबाट बाघलाई नियन्त्रणमा लिइएको हो । शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तथा बर्दिया राष्ट्रिय निकुञ्जको प्राविधिक टोलीले बाघलाई 'डार्ट' गरेर नियन्त्रणमा लिएको हो । बिहीबार बिहान घर नजिकैको उखुबारीमा घाँस काट्ने क्रममा बाघले दोधारा चाँदनी–२ की २३ वर्षीया हिरा शाहमाथि आक्रमण गरेको थियो । उनको घटनास्थलमै मृत्यु भएको थियो । बिहीबारदेखि नै बाघलाई नियन्त्रणमा लिने प्रयास गरिए पनि शुक्रबार मात्र सम्भव भएको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत मनोज ऐरले बताए । 'बाघलाई बर्दिया पठाउने तयारी गरिरहेका छौं', उनले भने । बिहीबार रातभर निकुञ्जको टोली र सुरक्षाकर्मीले बाघलाई उखुबारीमै पहरा दिएका थिए । बाघलाई नियन्त्रणमा लिन पाँचवटा हात्तीसहित प्राविधिक टोली परिचालन गरिएको संरक्षण अधिकृत ऐरेले बताए । रासस

# मधेश र कोशी प्रदेशमा वर्षासँगै हुरी चल्ने पूर्वानुमान



**मधेशदृष्टि**
**वीरगंज ।** हाल देशभर मनसुनी वायुको प्रभाव रहेको तथा मनसुनको न्यून चापीय रेखा सरदर स्थानको आसपास अवस्थित रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । देशभर आंशिकदेखि साधारणतया बदली रहेको छ । गण्डकी, कोशी र बागमती प्रदेशका एक–दुई स्थानमा हल्का वर्षा भइरहेको छ । कोशी, बागमती, गण्डकी र कर्णाली प्रदेशका एक–दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको छ । मधेश र कोशी प्रदेशको तराईका केही स्थानमा हुरीको पनि सम्भावना रहेको छ । कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम तथा मधेश प्रदेशका केही स्थानमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । कोशी, कर्णाली, सुदूरपश्चिम तथा बाँकी प्रदेशका एक–दुई स्थानमा भारी वर्षाकोसम्भावना रहेको जनाउँदै विभागले ती स्थानका सर्वसाधारणलाई सतर्क रहन अनुरोध गरेको छ । मधेश र कोशी प्रदेशको तराईका केही स्थानमा हुरीको पनि सम्भावना रहेकाले ती क्षेत्रमा हुन सक्ने गेग्रान बहाव, बाढी, पहिरोबाट बच्न विभागले आग्रह गरेको छ ।






मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन